# खत्याड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## रामतडी, मुगु

कर्णाली प्रदेश,नेपाल

प.सं.: ०८२/०८३

च.नं.: ८३

मिति :२०८२/०४/१६

ने.सं. ११४५ गुंलाध्व अष्टमी

विषय : विद्यालयको भौतिक अवस्थाको विवरण अद्यावधिक गर्ने सम्बन्धमा ।

श्री सामुदायिक विद्यालयहरु सबै

खत्याड गाउँपालिका, मुगु ।

उपर्युक्त सम्वन्धमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च. नं. २९ को मिति २०८२।०४।१५ गतेको पत्रको व्यहोरा अवगत गरी यस पालिकामा सञ्चालित सम्पूर्ण सामुदायिक विद्यालयहरुले भौतिक अवस्थाको यथार्थ विवरण  एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा मिति २०८२ साउन २५ गते भित्र अनिवार्य रुपले अद्यावधिक गर्नहुन अनुरोध छ ।

.......................

(थानेश्वर जैसी)

वरिष्ठ शिक्षा अधिकृत

पुनश्चः शिक्षा तथा मानव स्रोत विकास केन्द्रको पत्र र विवरण अद्यावधिक गर्ने सम्वन्धी जानकारीमूलक मार्गदर्शन यसैसाथ संलग्न गरिएको छ ।



Email: ito.khatyadmun@gmail.com, info@khatyadmun.gov.np
Website: www.khatyadmun.gov.np

फोन नं ०१६६३३६२४

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# शिक्षा तथा मानव स्रोत विकास केन्द्र
(विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखा)
सानोठिमी, भक्तपुर

मिति:- २०८२/०४/१५

पत्र संख्या: २०८२/८३
च.नं. 28

श्री सामुदायिक विद्यालयहरू
(सबै)

**विषय : विद्यालयको भौतिक अवस्थाको विवरण अध्यावधिक गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०८२/०४/०७ को (माननीय मन्त्रीस्तरीय) निर्णय अनुसार विद्यालयको भौतिक पूर्वाधार निर्माण गुरुयोजना तयार गर्न उच्च स्तरीय कार्यदल गठन भई कार्य प्रारम्भ भइसकेको छ । उक्त गुरुयोजना निर्माणको लागि आवश्यक पर्ने सबै सामुदायिक विद्यालयहरूको भौतिक अवस्थाको यथार्थ विवरण विद्यालयहरूबाट एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा **मिति २०८२ साउन २५ गते भित्र अनिवार्यरुपले** अध्यावधिक गर्नुहुन अनुरोध छ। विवरण भर्ने सम्बन्धी जानकारीमूलक म्यानुअल यसैसाथ संलग्न छ। विद्यालयले समयमा विवरण अध्यावधिक नगरेका कारण भौतिक पूर्वाधार निर्माण गुरुयोजनामा विद्यालयको विवरण समावेश हुन नसकेमा सम्वन्धित विद्यालयनै जवाफदेही हुने व्यहोरा यस केन्द्रको मिति २०८२/०४/१५ को निर्णयानुसार जानकारी गराइन्छ ।

यस सम्वन्धी थप जिज्ञासाका लागि सम्पर्क:
विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखा: ०१६६३७६७७

<u>इमेल:</u>

iemis@cehrd.gov.np
cehrd.ss@gmail.com

..................
हरि प्रसाद अर्याल
(निर्देशक)

<u>बोधार्थ तथा कार्यार्थ:</u>


श्री प्रदेश स्थित शिक्षा हेर्ने मन्त्रालय (सात वटै)
श्री शिक्षा विकास निर्देशनालय (सात वटै प्रदेश)
श्री शिक्षा विकास तथा समन्वय इकाइ सबै- आवश्यक समन्वयका लागि ।
श्री स्थानीय तह, सबै -विद्यालयहरूलाई आवश्यक समन्वय तथा सहजीकरणका लागि ।

CamScanner

# एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली)IEMIS( मा Infrastructure Inventory प्रविष्टि गर्ने तरीकाः


***Step 1:***

**<u>IEMIS लगइन (Log in):</u>** विद्यालयले आफ्नो **<u>Username</u>** र पासवर्डको प्रयोग गरेर लगइन गर्नुहोस ।




***Step 2:***

**<u>Infrastructure Inventory</u> मा जानुहोस् ।**




**TOTAL SCHOOLS**

| | Public | | Private | | Religious | |
|---|---|---|---|---|---|---|
| Description | Level | Unit | Level | Unit | Level | Unit |
| ECD | 32043 | 25382 | 7877 | 8342 | 599 | 652 |
| Basic Level(1-5) | 26026 | 14374 | 8465 | 2407 | 1338 | 1134 |
| Basic Level(6-8) | 11729 | 4631 | 6125 | 2008 | 275 | 183 |
| Sec Level(9-10) | 7123 | 3357 | 4302 | 3055 | 93 | 64 |
| Sec Level(11-12) | 3826 | 3826 | 1390 | 1390 | 31 | 31 |
| Total | | 26188 | | 8860 | | 1412 |

## *Step 3:*

Physical Facilities: यस मेनुमा जानुहोस्। यस मेनुमा रहेको सबै विवरण निम्नानुसार भर्नुहोस् ।

Block No: विद्यालयमा भएका भवनको संख्यालाई क्रमशः भर्नुहोस्। जस्तैः पहिलो Block को विवरण भर्दा १ लेख्नुहोस् लेख्नुहोस् २दोस्रोको लागि ।

No of Story: यसमा भवनमा भएको तला संख्या उल्लेख गर्नुहोस्।


Block Name: यसमा भवनको नाम लेख्नुहोस् ।जस्तैः प्रशाशनिक भवन ,ल्याब भवन ,ECD ब्लक आदि ।

Overall Condition: यसमा भवनको अवस्था हेरी कुनै एक छनोट गर्नुहोस्।

No of Classroom: यसमा विवरण भरिरहेको भवनमा कक्षाकोठाको लागि प्रयोग भएको भए कति वटा कोठा प्रयोग भैरहेको छ सङ्ख्या उल्लेख गर्नुहोस्। जस्तैः प्रसाशनिक भवनल्याव भवन आदिमा कक्षा कोठा नहुन सक्छ।

No of Otheroom: यसमा विवरण भरिरहेको भवनमा कक्षाकोठा बाहेकको लागि प्रयोग भएको कोठा सङ्ख्या उल्लेख गर्नुहोस्।

Constructed On: भवन निर्माण भएको साल लेख्नुहोस्।




क्रमशः यसै गरी सबै विवरण भर्नुहोस् र सेभ गर्नुहोस्। त्यसपछि तल देखाए जस्तै गरी एउटा भवनको विवरण देखिन्छ।

Physical Facilities

| Block No. | No. of Stories | Block Name | No. of Rooms | No. of Other Rooms | Year of Construction | Investment Amt. | Structure Type | Roof Type | Damage Grade | No. Of Boys Toilet | No. Of Girls Toilet | Action |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 2 | Block1 | 16 | 1 | 1989 | 9000000 | Brick Masonry in cement mortar with RCC Slab (Load Bearing Structure) | CGI Sheet/UPVC Sheet | No damage | 0 | 6 | Actions |

एक भन्दा वढी भवन भएमा Block No 1 को विवरण भरिसके पछि Save गर्नुहोस् र पुनः Block No 2 र अन्य भवनको विवरण क्रमशः भर्नुहोस् । यसरी जतिओटा भवन छन त्यतिनै पटक यो फाराम भर्दै Save गर्दै जानुहोस्।

*नोटः यदि यो विवरण पहिलेनै भरेको भए पुनः भर्नु पर्दैन। तर भरिएका विवरणको सत्यापन गर्नुहोस्। सत्यापनको लागि Action मा गई Edit गर्न सकिन्छ।*

## *Step 4:*

भवनमा भएका कोठाहरुको विवरणः यसको लागी पहिलो भवनको दाँया तर्फ रहेको Action भित्र गई Room मा जानुहोस् र कक्षाकोठाहरुको विवरण भर्नुहोस्।

Physical Facilities

| Block No. | No. of Stories | Block Name | No. of Rooms | No. of Other Rooms | Year of Construction | Investment Amt. | Structure Type | Roof Type | Damage Grade | No. Of Boys Toilet | No. Of Girls Toilet | Action |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 2 | Block1 | 16 | 1 | 1989 | 9000000 | Brick Masonry in cement mortar with RCC Slab (Load Bearing Structure) | CGI Sheet/UPVC Sheet | No damage | 0 | 6 | Actions (Edit, Rooms) |

## *Step 5:*

**Room Details**: त्यसपछी भवनमा भरेका कोठाहरुको सङ्ख्या अनुसारको फाराम खुल्छ। यसमा कोठा अनुसारको Room name ,Utilization ,Sub Utilization छानेर कोठाको लम्बाई र चौडाइ लेखी (मिटरमा)Save गर्नुहोस् ।


Room Details

| Room Name* | Utilization* | Sub Utilization | Length(M)* | Breadth(M)* | No. of users* | Remarks |
|---|---|---|---|---|---|---|
| Room Name | Utilization | Sub Utilization | 0 | 0 | 0 | remarks |
| Room Name | Utilization | Sub Utilization | 0 | 0 | 0 | remarks |
| Room Name | Utilization | Sub Utilization | 0 | 0 | 0 | remarks |
| Room Name | Utilization | Sub Utilization | 0 | 0 | 0 | remarks |
| Room Name | Utilization | Sub Utilization | 0 | 0 | 0 | remarks |
| Room Name | Utilization | Sub Utilization | 0 | 0 | 0 | remarks |
| Room Name | Utilization | Sub Utilization | 0 | 0 | 0 | remarks |
| Room Name | Utilization | Sub Utilization | 0 | 0 | 0 | remarks |

Cancel Save

## *Step 6 :*

Facilities Requirement: **यस मेनुमा बिद्यालयका आवश्कता भर्न मिल्दछ। तर यी आवश्यकताहरु हालको विद्यालयको विद्यमान अवस्था र हाल IEMIS मा भरेको तथ्याङ्कले समेत आवश्यकता पुष्टी हुनु पर्दछ।**




**यहाँ १८ वटा पूर्वाधारको विवरण संकलन गर्न खोजिएको छ। यसमा तथ्याङ्क भर्दा तल उल्लेख भएअनुसार गर्नुहोस्।**

**भौतिक पुर्वाधारः** यसमा विद्यालयमा हुनुपर्ने भौतिक पुर्वाधारको सूची राखिएको छ। यहाँ उल्लेख गरेका भौतिक पुर्वाधार सबै विद्यालयमा नहुन सक्छ र आवश्यकता नपर्न पनि सक्दछ। विद्यालयको आवश्यकताको आधारमा विवरण भर्नु पर्नेछ।

**हालको अवस्था(सङ्ख्या)**: यसमा हालको सङ्ख्यात्मक अवस्था उल्लेख गर्नुहोस्। जस्तैः कुनै A विद्यालयमा जम्मा १० ओटा कक्षाकोठा भए यस कोलममा १० लेख्नुहोस्।
नोटः कक्षाकोठा र अन्य प्रयोजनका कोठाहरु फरक हुन्।

**मर्मत सम्भार गर्नुपर्ने भए विवरण संख्याः** यदि भौतिक पुर्वाधार मर्मत गर्नु पर्ने भए कति ओटा मर्मत गर्नु पर्ने सङ्ख्या लेख्नुहोस्। जस्तै माथिको A विद्यालयमा १० ओटा कक्षाकोठा भरेका छौं र ति मध्ये २ ओटा मर्मत गर्नु पर्ने भए यस कोलममा २ लेख्नुहोस्।

**प्रयाप्तता (पर्याप्त छ/छैन):**
यदि हाल प्रयोग भैरहेको र मर्मत पछी प्रयोग गर्ने मिल्ने पूर्वाधार समेतले प्रयाप्त हुन्छ भने Yes छान्नुहोस्।
यदि हाल प्रयोग भैरहेको र मर्मत पछी प्रयोग गर्ने मिल्ने पूर्वाधार समेतले अप्रयाप्त हुन्छ भने No छान्नुहोस्।

**नयाँ निर्माण गर्नुपर्ने भए विवरण सङ्ख्याः**
यदि प्रयाप्तता प्रयाप्त छ/छैन भन्ने कोलममा No छ भने नयाँ निर्माण गर्नु पर्ने भौतिक पूर्वाधारको सङ्ख्या लेख्नुहोस्।

**निर्माण गर्नुपर्ने भए कारणः** नयाँ निर्माणको कारण लेख्नुहोस्। *कारण लेख्दा नेपाली युनिकोडमा लेख्नुहोस्।* जस्तैः विद्यालयमा हाल २००० विद्यार्थी छन् तर हाल २ वटा शौचालयमात्र छ र विद्यालयलाई थप....ओटा शौचालय आवश्यक रहेको।

## *Step 7 :*

एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा भएका सबै विवरण भर्नु स्वयमः विद्यालयको जिम्मेवारी हो। यस प्रयोजनका लागी माथि उल्लेखित बाहेक अन्य विवरणहरु समेत Cross Verify हुने भएकाले आफ्नो विद्यालयको सबै मेनुहरुको विवरणको सत्यापन गर्न आवश्यक छ।